विशेष अदालत
काठमाण्डौ
२०५९

# विशेष अदालत, काठमाडौंबाट जारी गरिएको

## सूचना

सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।०७ को पूर्ण बैठकको निर्णय, नेपाल सरकारको मिति २०७६।१२।११ को बन्दाबन्दीको आदेश, सम्मानित सर्वोच्च अदालतको मिति २०७७।०४।०८ को निर्णय एवं विभिन्न मितिमा जारी भएका निर्णय/परिपत्रसमेतका आधारमा यस अदालतबाट विभिन्न मितिमा भएका निर्णयानुसार सेवा सुचारु गर्दै आएको ब्यहोरा सबैमा विदितै छ।

कोरोना संक्रमणको पछिल्लो परिस्थितिको परिणामस्वरुप मिति २०७७।४।२३ को सम्मानित सर्वोच्च अदालतको सूचना एवम् बढ्दो संक्रमणलाई दृष्टिगत गरी मिति २०७७।०४।२६ सोमबारदेखि मिति २०७७।०४।३२ आइतवारसम्म थुनुवा भएका मुद्दा बाहेक अन्य मुद्दाको पेशी स्थगन गर्ने र अन्य नियमित सेवा प्रवाह यथावत सुचारु रहने गरी यस अदालतबाट मिति २०७७।०४।२५ मा सूचना प्रकाशित भएकोमा पेशी स्थगनको उक्त सूचनालाई निरन्तरता दिँदै सेवाग्राही एवम् सरोकारवालाहरुको सुझाव समेतलाई मध्यनजर गरी मिति २०७७।०५।१५ सम्म थुनुवा भएका मुद्दा बाहेक अन्य मुद्दाको पेशी तथा साक्षीको बकपत्रसमेत स्थगन गर्ने र अन्य नियमित सेवा यथावत सुचारु रहने ब्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

२०७७।४।२८

पुष्पराज पाण्डेय
उप-रजिष्ट्रार
(प्रवक्ता)

मितिः २०७७।०४।२८।४